# स्थानीय राजपत्र

खण्डः १ संख्याः १२ प्रकाशित मितिः२०७९/१२/०२

भाग-२

तुम्बेवा गाउँपालिकाद्वारा प्रकाशित

## स्वास्थ्य संस्थाहरुको ल्याव सञ्चालन तथा व्यवस्थापन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली,२०७६

**पहिलो संसोधन- २०७९**

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७९/११/११

आज्ञाले,

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

# तुम्बेवा गाउँपालिका

# स्वास्थ्य संस्थाहरुको ल्याव सञ्चालन तथा व्यवस्थापन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली,२०७६

# पहिलो संसोधन २०७९

(गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७९/११/११)

## तुम्बेवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**मौवा, पाँचथर**

**कोशी प्रदेश, नेपाल**

# तुम्बेवा गाउँपालिका, पाँचथर
# स्वास्थ्य संस्थाहरुको ल्याब संचालन तथा व्यवस्थापन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७६
# (पहिलो संशोधन-२०७९)

**प्रस्तावना :-**

तुम्बेवा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा स्थापना भइ हाल संचालनमा रहेको वा स्थापना हुन बाँकि ल्याब संचालनका लागि कर्मचारी, औजार, उपकरण, केमिकल्स लगायत बितिया व्यवस्थापन, परिचालन साथै गुणस्तरीय सेवा सहित निरन्तर सेवा सहित निरन्तर सेवा प्रबाह प्रदान गर्न तथा नेपाल सरकारले सबै नागरिकहरुलाई आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धि  गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच पुर्याउँने राज्यको विद्यमान नीति अनुसार नेपालको संविधानले अनुसुची-८ (धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्वन्धित) रही स्थानीय सरकारको अधिकार मध्ये क्रम संख्या ९ (आधारभुत स्वास्थ्य र सरसफाई), को क्षेत्राधिकार लाई प्रयोग गर्दै, गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुर्याउँने, उद्धेश्यले तुम्बेवा गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ३ लाई प्रयोग गरी नियमावली निर्माण गरी कार्यान्वयन गर्न वान्छनीय भएकोले यो नियमावली स्वीकृत गरि लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस नियमावलीको नाम "स्वास्थ्य संस्थाहरुको ल्याब संचालन तथा व्यबस्थापन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली - २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा :-** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क. "गाउँपालिका" भन्नाले तुम्बेवा गाउँपालिका पाँचथरलाई सम्झनु पर्दछ ।

ख. "कार्यपालिका" भन्नाले तुम्बेवा गाउँकार्यपालिका पाँचथरलाई सम्झनु पर्दछ ।

ग. "स्वास्थ्य संस्था"भन्नाले यस तुम्बेवा गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाईहरुलाई सम्झनु पर्दछ ।

घ. "ल्याब भन्नाले" प्रयोगशाला सेवा प्रदान गरिने ठाउँ सम्झनु पर्दछ ।

ङ. "सेवाग्राही" भन्नाले प्रयोगशालामा विभिन्न सेवा लिन आउने बिरामी तथा लाभग्राहीहरुलाई सम्झनु पर्दछ ।

च. "केमिकल" भन्नाले प्रयोगशालामा प्रयोग हुने रशायानिक पदार्थ सम्झनु पर्दछ ।

छ. "स्केल" भन्नाले तलब स्केल सम्झनु पर्दछ ।

३ . **कार्यक्रमको उद्देश्य :-**

(१) यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा हाल संचालनमा रहेको वा भविष्यमा संचालन हुने ल्याबहरुलाई श्रोत र साधन सम्पन्न बनाइ निरन्तर गुणष्तरीय सेवा प्रदान गर्ने र ल्याब सेवालाई गाउँपालिका भरि बिस्तारित कार्यक्रमकोरुपमा अगाडी बढाउने ।

(२) ल्याब सेवाको पहुँच विस्तार तथा सर्वसुलभ बनाउने ।

(३) ल्याब सेवा मार्फत आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरिय बनाउन तथ्यमुखी आवश्यक उपचार सेवा प्रदान गर्ने ।

(४) विभिन्न सर्ने तथा नसर्ने रोगहरुको समयमै पहिचान गरि उपचारको दयारामा ल्याउने गर्ने ।

४. **बितिय श्रोत :-**

(१) यस गाउँपालिकामा संकलन हुने आन्तरिक राजस्व आम्दानी वा शमानीकरण अनुदान वा राजश्व बांडफाडबाट वा कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावलीको नियम ५ को (४) बमोजिम प्राप्त हुने रकमबाट सम्पूर्ण व्यबस्थापन गरिनेछ ।

(२) नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह तथा अन्य निकायबाट यस सम्बन्धि रकम प्राप्त भएमा व्यवस्था गरिनेछ ।

५. **संचालन तथा व्यबस्थापन खर्च सम्बन्धि व्यवस्था :-**

(१) यस गाउँपालिका भित्र हाल संचालन हुन गइरहेको ल्याब तथा भविष्यमा स्थापना हुने ल्याबमा कार्यरत कर्मचारीहरुको तलब भत्ता बापतको रकम निज कर्मचारीहरु संग सेवा करारमा सम्झौता गरि, यसै गाउँकार्यपालिकाको कर्यलयबाट माषिक रुपमा भुक्तानी गरिनेछ ।

(२) ल्याबमा काम गर्ने कर्मचारीहरुको तलब भत्ता बापतको रकम अनुसूची -१ बमोजिम व्यवस्था गरिनेछ ।

(३) ल्याब सेवा प्रदान गरे बापत स्वास्थ्य संस्थाले कार्यपालिकाले निर्धारण गरे बमोजिमको शुल्क लिनु पर्ने छ । साथै ल्याब संचालन गर्ने आर्थिक तथा ब्यबस्थापकिय सम्पूर्ण अधिकार स्थानीय स्वास्थ्य सस्था ब्यबस्थापन समितिमा रहनेछ । साथै स्वास्थ्य सस्थाले बार्षिक रुपमा आर्थिक रकमको लेखा परिक्षण गरि गाउँकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(४) ल्याब सेवाका अनुसूची - २ बमोजिम निर्धारण गरिएको सेवाको किसिम र रकम संकलन गर्नु पर्नेछ ।

(५) ल्याब संचालनमा (आर्थिक तथा ब्यबस्थापन) को आधिकार सम्बन्धित स्वास्थ्य सस्था संचालन ब्यबस्थापन समितिमा रहनेछ ।

६. **सेवामा छुट तथा प्राथमिकता सम्बन्धि व्यवस्था :-**

(१) अनुसुची २ मा उल्लेख भए बमोजिमको रकममा गर्भवती तथा सुत्केरी महिलाको हकमा ५०% छुट , अपाङ्गताको हकमा नि शुल्क , ७० वर्ष माथिका जेस्ठ नागरिकको हकमा ५०% छुट गरिनेछ l

(२) गर्भवती महिलाको हकमा सेवा प्राप्त गर्नको लागि पूर्व प्रसुती जांच गरेको कार्डको फोटोकपी अनिवार्य पेश गर्नु पर्दछ l

(३) नियम १ र २ मा जुनसुकै कुरा लेखिएको भएता पनि आवश्यकताको आधारमा सम्बन्धित स्वास्थ्य सस्था संचालन ब्यबस्थापन समितिले समेत रेटमा परिमार्जन गर्न सक्ने छ l सो को विवरण कार्यपालिकालाई जानकारी दिनु पर्ने छ l

७. **कर्मचारी पदपुर्ती :-**

(१) ल्यावमा काम गर्ने कर्मचारी नियुक्तिका लागि करारमा कर्मचारी छनौट प्रक्रिया वमोजिम समपुर्ण प्रक्रिया पुरा गरी कर्मचारी नियुक्ति गरिने छ र यसरी एकपटक नियुक्त भई सकेका कर्मचारीहरुलाई कार्य सम्पादन मूल्याङकनका आधारमा म्याद थप गर्न सकिने छ।

(२) यो कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली लागू हुनु पूर्व नियुक्ति भई हालसम्म निरन्तर काम गर्ने कर्मचारीहरुको हकमा निजहरुको कार्य सम्पादन सन्तोषजनक देखिएमा सेवा करारलाई निरन्तरता दिन सकिने छ।

८. **तलव भत्ता,औजार उपकरण र केमिकल सम्बन्धी व्यवस्था :-**

(१) ल्यावमा काम गर्ने कर्मचारीहरुको लागि पारिश्रमिक, ल्यावमा आवश्यक औजार उपकरण र केमिकलको व्यवस्थापनको लागि वार्षिक कार्यक्रम मार्फत अनिवार्य रकम व्यवस्था गरिने छ।

९. **सेवा उपलब्ध गराउँनु पर्ने लाभग्राहीहरु:-**

(१) तुम्बेवा गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा सेवा लिन आएका मध्ये स्वास्थ्यकर्मीले आवश्यक जाँचका लागि सिफारिस गरेका सम्पुर्ण सेवाग्राहीहरु।

(२) यो कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली पारित भए पश्चात मात्र कार्यविधी वमोजिम सेवा प्रवाहका लागि सम्बन्धित कार्यालयहरुलाई कार्यान्वयनका लागि निर्देशन प्रदान गरिने छ ।

(३) गाउँपालिका भित्रका अन्य स्वास्थ्य संस्थाबाट ल्याव जाँचका लागि सिफारिस भई आएमा समेत सेवा प्रदान गर्नु पर्ने छ।

१०. **लाबग्राहीलाई वितरण गर्ने बिषय :-**

(१) स्वास्थ्य संस्थामा कार्यारत सम्बन्धित स्वास्थ्यकर्मीले सम्बन्धित रोगका लागि आवश्यक जाँचका लागि सिफारिस पठाए वमोजिम मात्र परीक्षण कार्य गरिने छ।

(२) सिफारिस वमोजिको जाँच गरि सके पछि सेवा ग्राहीले तोकीएको शुल्क तिरी अनिवार्यरुपमा नगदी रसिद लिने गरी व्यवस्था मिलाईने छ ।

**११.समन्वय गर्नु पर्ने :-**

**(१)** ल्याव सञ्चालन तथा व्यवस्थापनका लागि स्थानीय सरोकारवाला,गाउँपालिका भित्रका सरकारी तथा गैरसरकारी संघ संस्थाहरु,सहकारी संस्था,सामुदायिक संघ संस्थाहरुसँग समन्वय गरी सञ्चालन तथा व्यवस्थापन गर्नु पर्ने छ।

**१२. निषेध गरिएका विषयहरु :-**

(१) अनुसूची-२ मा उल्लेख भएका भन्दा थप जाँच सेवा उपलब्ध गराउँन।

(२) अनुसूची-२ मा व्यवस्था गरिए वमिजिमको शुल्क अनिवार्यरुपमा नलिईएको पाईएमा सम्बन्धित कर्मचारीको तलव-भत्ता वापतको रकमबाट असूल-उपर गरिने छ साथै प्रचलित कानुन वमोजिम सम्बन्धित सबैलाई कारवाही गरिनेछ।

**१३. प्रोत्साहन सम्बन्धी व्यवस्था :-**

**(१)** ल्याव सेवा प्रदान गरेवापत कार्यालयले खुद संकलन गरेको रकम सम्बन्धित स्वास्थ्य सस्था संचालन तथा ब्यबस्थापन समितिको निर्णय बमोजिमको सेवा प्रदायक कार्मचारीलाई चौमासिक वा वार्षिकरुपमा उक्त रकम बाट प्रोत्साहन स्वरुप उपलब्ध गराउन सक्नेछ।

**१४. प्रभाव अध्ययन :-**

**(१)** गाउँपालिका भित्र सञ्चालन  हुने ल्यावहरुको प्रत्येक वर्ष अनिवार्यरुपमा प्रबाव मूल्याङकन गराउँनु पर्ने छ। यसरी गरिएको मूल्याङ्कनबाट प्राप्त सिकाईहरुलाई आगामी वर्षमा पृष्ठपोषणकारुपमा लिने पद्धतिको विकास गर्नु पर्ने छ।

**१५. पारदर्शिता सम्बन्धी व्यवस्था :-**

(१) ल्याव सेवा मार्फत प्रदान गरिने सेवाको विवरण र सो वापतको शुल्क सहितको सूचना खुल्ने गरिको नागरिक वडा-पत्र राख्नु पर्ने छ।

(२) स्वास्थ्य संस्थामा आम्दामी भएको रकम पारदर्शी ढङ्गले स्वास्थ्य सस्था ब्यबस्थापन समितिको खातामा दाखिला गर्नुपर्ने छ साथै बार्षिक रुपमा आर्थिक लेखा परिक्षण समेत गर्नुपर्ने छ।

**१६. अनुगमन मुल्यांकन :-**

(१) गाउँकार्यपालिकाको कार्यालयका कार्यालय प्रमुख, स्वास्थ्य संयोजक वा कार्यालयको निर्देशित संयन्त्रले जुन सुकै बेला ल्याव सेवाको अनुगमन कार्य गर्न सक्ने छ।

**१७. अनुगमन कार्यमा अबलम्बन गर्नुपर्ने:-**

(१)कुनै अनियमितता देखिएमा सुधार गर्न सकिने भएमा तत्काल सुधार गर्न लगाउने,

(२)कुनै अनियमितता देखिई सुधार गर्न नसकिने देखिएमा के कति रकमको अनियमितता भएको हो सो रकम बराबर असूल उपर गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(३)अनुगमनको क्रममा देखिएका तथ्यको आधारमा कार्यक्रमको प्रभावकारीता, पहुँच तथा समस्याको पहिचान तथा समाधान सहित सम्बन्धित निकायमा सुझाव सहित पेश गर्ने,

**१८. अभिलेख तथा प्रतिवेदन:-**

(१) यस कार्यक्रमले निर्धारित गरेका सम्पूर्ण प्रमाणहरुको सम्बन्धित स्वास्थ्य संस्थामा एक प्रति प्रतिलिपी सुरक्षितसाथ राख्नु पर्नेछ ।

(२) मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित स्वास्थ्य संस्थाले गाउँपालिकामा सोको प्रगति प्रतिवेदन दिनु पर्नेछ ।

**१९. बाधा अड्काउ फुकाउने:**

(१) यस नियमावली कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**२०. परिमार्जन तथा संशोधन :-**

(१) यो नियमावलीलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**२१. ल्याब सेवा संचालनको लागि आवश्यक सामग्री, तथा जिन्सी बिबरण व्यवस्थापन -:**

(१) ल्याब सेवा संचालनमा आवश्यक पर्ने औजार, उपकरण, केमिकल, आवश्यक पर्ने किटहरु आदिको संरक्षण, जिम्मेवारी तथा खर्च भएर जाने ( केमिकल, किटहरु, slide, आदि) समान पर्याप्त भए नभएको गणना गरि आध्यावाधिक गर्ने कार्य सेवा प्रदान गर्ने सम्बन्धित स्वास्थ्य संस्था प्रमुख तथा त्यस संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा प्रयोगशालाकर्मीको प्रमुख भूमिका रहनेछ l

(२) खर्च भएर जाने समानहरु जस्तै : केमिकल, किटहरु, slide आदि को खर्च संख्या र बाँकि मौज्दात संख्या माषिक रुपमा आध्यवाधिक गरि, प्रत्येक महिना गाउँपालिका कार्यालयमा प्रतिबेदन पठाउनु पर्नेछ l

(३) कुनै पनि खप्ने सामग्री टुटफुट भएमा वा बिग्रिएमा यथासिघ्र रुपमा प्रयोगशालाकर्मी, सम्बन्धित स्वास्थ्य संस्था प्रमुखले सो को कारण सहित गाउँपालिकामा लिखित जानकारी पठाउनु पर्नेछ l

## अनुसूची -१

### (नियमावलीको नियम ७ (२) सँग सम्बन्धित)

| क्र.स | विवरण | तलव स्केल (रु मा) | कैफियत |
|---|---|---|---|
| १ | मासिक तलव | गाउँकार्यपालिकाको निर्णय बमोजिम | ६ महिना भन्दा बढि सेवा करारमा रही काम गर्ने कर्मचारीको हकमा १ महिनाको तलव बराबरको चाड पर्व खर्च र पोषाक भत्ता प्रदान गर्न सकिने छ। |

## अनुसूची-२

### (नियमावलीको नियम ५ को (४) सँग सम्बन्धित)

| क्र.स | उपलब्ध सेवाको विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | CBC | १५०/- | |
| २ | WBC Count | ७५/- | |
| ३ | RBC Count | ७५/- | |
| ४ | Haemoglobin | ५०/- | |
| ५ | ESR | ५०/- | |
| ६ | Blood Grouping | ५०/- | |
| ७ | RA Factor | २५०/- | |
| ८ | VDRL | २००/- | |
| ९ | Blood Sugar | ७५/- | |
| १० | Blood Urea | १००/- | |
| ११ | Uric Acid | १००/- | |
| १२ | Creatinine | १५०/- | |
| १३ | Bilirubin | १५०/- | |
| १४ | WIDAL | २००/- | |
| १५ | Stool R/E | ५०/- | |
| १६ | Urine R/E | ५०/- | |
| १७ | Occult Blood | १५०/- | |
| १८ | B.T/C.T. | १००/- | |
| १९ | Malaria | नि शुल्क | |
| २० | Sputum for AFB | नि शुल्क | |

| | | | |
|---|---|---|---|
| २१ | ANC Package | ५००/- | |
| २२ | CRP | २५०/- | |
| २३ | Total Chlosterol | २५०/- | |
| २४ | TG | २५०/- | |
| २५ | HDL Chlosterol | १५०/- | |
| २६ | LDL Chlosterol | १५०/- | |
| २७ | Albumin | १५०/- | |
| २८ | ASO | २००/- | |
| २९ | Potassium | १५०/- | |
| ३० | HBsAG | २५०/- | |
| ३१ | HCV | २५०/- | |
| ३२ | Calcium | ३००/- | |
| ३३ | Sodium | १५०/- | |
| ३४ | HIV | नि शुल्क | |
| ३५ | MP serology | नि शुल्क | |
| ३६ | Total protein | १५०/- | |